सोलुदुधकुण्ड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु

नं. १ प्रदेश नेपाल

प.सं. २०७४/७५
च.नं. २०६४

मिति २०७५/०२/२३ गते

## प्रेस विज्ञप्ति

**आज मिति २०७५-०२-२३ गते बुधबारका दिन सोलुदुधकुण्ड नगरपालिकाका नगर प्रमुख श्री नाम्गेल जाङबु शेर्पा ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक सम्पन्न भयो।**

**मुख्य निर्णयहरु :**

१) आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमका लागि रु. ३९ करोड ६८ लाख ५९ हजारको बजेट सिमा कायम गर्ने। वडास्तरीय योजना तथा कार्यक्रमका लागि प्रत्येक वडाका लागि रु. ४५ लाखको बजेट सीमा कायम गर्ने। उक्त बजेट तथा कार्यक्रम तयार गर्दा श्रोत तथ अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट स्विकृत भएको मार्गदर्शन अवलम्वन गर्ने। वडास्तरीय योजना तथा कार्यक्रमलाई आगामी असार ३ गते भित्र नगरकार्यपालिकाको कार्यालयमा पेश गर्ने।

२) जिल्ला प्रशासन कार्यालय छेउको ढल निर्माणका लागि र जिल्ला कारागारको ढल निर्माणका लागि सहयोग गर्ने।

३) बालबालिका शीर्षकमा विनीयोजित वचत बजेटबाट नेपाल शिक्षक महासंघ जिल्ला कार्य समितिले संचालन गर्ने जुनियर भलिबल खेलकुदका लागि रु. १४०,०००।०० उपलब्ध गराउने निर्णय समर्थन गर्ने।

४) नगर कार्यपालिकामा पेश भएको लोगोको छनौट सम्वन्धमा प्राप्त सुझाबहरुलाई समेत समेटी परिमार्जन गर्ने साथै नगरपालिकाको लेटरप्याड तथा अन्य औपचारिक अभिलेखमा नेपाली, सम्बोटा र अंग्रेजीमा कार्यालयको नाम आगामी श्रावण १, २०७५ बाट लागू गर्ने।

५) पूर्वक्षेत्र पर्यटन मेलामा सहभागिताका लागि प्रतिनिधि मण्डललाई आर्थिक सहयोग उपलब्ध गराउने।

६) यस नगरपालिका भित्रका आर्थिक अवस्था कमजोर भएका कडा रोग लागेका बिमारीहरुलाई उपचारार्थ आर्थिक सहायता रकम उपलब्ध गराउने।

७) पत्ताले सौर्य वत्तीका लागि नपुग वजेट रु. १५ लाख पिके भ्यु टावरका लागि विनीयोजित वजेट खर्च नहुने भएकोले सोही बजेटबाट रकमान्तर गर्ने।

८) सूचना तथा संचार तथा हेलो मेयर कार्यक्रम संचालनका लागि विनीयोजित वजेट कार्यन्वयनका लागि स्थानीय मिडिया एजेन्सी मार्फत कार्य अगाडि बढाउनका लागि सूचना प्रकाशन गर्ने।

९) सडक बोर्डको सल्लेरी-च्याल्सा सडकको समपुरक कोष रु. ६,५०,०००।– विविध तथा भैपरी आउने खर्च शिर्षकबाट थप गर्ने।

१०) घरेलु तथा साना उद्योग बिकास समितिबाट प्राप्त वजेटको फाप्लुमा भवन निर्माण गर्ने।

रमिला भट्टराई
शाखा अधिकृत